# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

## खण्ड (४) चितवन, पौष २९, २०७८ साल अंक १८

### भाग १

**खैरहनी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७८ को ऐन नं. २**

### खैरहनी नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८

प्रमाणिकरण मितिः २०७८/०९/२९

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई खैरहनी नगरपालिकामा कामकाज गर्न खटाइएपश्चात साविकको स्थानीय नियकायको सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका

कर्मचारीहरुको बढुवा नहुँदा स्थानीय सेवाका समग्र कर्माचारीहरुकोको वृत्ति विकास अवरुद्ध भएकोले त्यस्ता कर्मचारीहरुको र अन्य स्थानीय निकायबाट सरुवा, समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको बढुवा तथा स्तरवृद्धि सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "खैरहनी नगरपालिका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन,२०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "ऐन" भन्नाले खैरहनी नगरपालिकाको कर्मचारी समायोजन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकायको रुपमा रहेको खैरहनी नगरपालिका गठन भएको अवस्थामा अन्य स्थानीय निकायबाट समायोजन हुँदा बढुवा नभई खैरहनी नगरपालिकामा समायोजन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले खैरहनी नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएका कुरालाई सम्झनुपर्छ ।

(ड) "नगर सभा" भन्नाले खैरहनी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "स्थानीय सेवा" भन्नाले खैरहनी नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भई कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले खैरहनी नगरपालिकालाई सम्झनुपर्छ ।

(झ) "स्थानीय कानुन" भन्नाले खैरहनी नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ।

**३. नगर सेवाका कर्मचारी बढुवा गर्नेः**

(१) साविकको स्थानीय निकायको स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा स्थायी नियुक्ति भई नगरपालिकामा सरुवा, समायोजन, पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको बढुवा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कम्तीमा पाँच वर्ष स्थायी रुपमा कार्यरत नगरपालिका मा समायोजन,

सरुवा र पदस्थापन भएका स्थानीय सेवाका कर्मचारीहरुको बढुवा देहाय वमोजिम हुनेछ ।

| क्र सं | साबिकको तह | बढुवा समायोजनपछि कायम हुने | | | |
|---|---|---|---|---|---|
| | | पदनाम | तह | सेवा | समूह |
| १ | सहायकस्तर चौथो | लेखापाल | सहायक स्तर पाँचौं | प्रशासन | लेखा |
| २ | सहायकस्तर चौथो | सब इन्जिनियर | सहायक स्तर पाँचौं | इन्जिनियरिङ्ग | सिभिल |
| ३ | सहायकस्तर चौथो | सहायक पाँचौं | सहायक स्तर पाँचौं | प्रशासन | सामान्य प्रशासन |
| ४ | सहायकस्तर चौथो | हलुका सबारी चालक | सहायक स्तर पाँचौं | प्रशासन | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(४) यस दफा बमोजिम नगरपालिका स्थानीय सेवाका कार्मचारी बढुवा गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप पारी तलव मिलान गरिनेछ ।

(७) उपदफा (१) बमोजिम बढुवा स्वीकार गर्ने कर्मचारीहरुले बढुबा कायम हुने तहका निम्ति "तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन् ।

(६) उपदफा (२) बमोजिमको बढुवा तथा स्तरवृद्धि सम्बन्धी प्रावधान एक पटकका लागि मात्र लागु हुनेछ। **४. बढुवा पत्र दिनेः** (१) यस ऐन वमोजिम बढुवा भएपश्चात् नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले बढुवा भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची-१ वमोजिमको हुनेछ ।

**५. दरबन्दी कायम गरिनेः** दफा ३ वमोजिम बढुवा भएका नगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई बढुवा पश्चात नगरपालिकाको स्वीकृत कर्मचारी संगठन संरचना अनुसार दरबन्दी कायम भएको मानिने छ ।

**६. पदस्थापना गरिनेः** नगरपालिकाले स्वीकृत गरेको कर्मचारी संगठन तथा व्यवस्थापन सर्भेक्षण दरबन्दीको पदमा बढुवा भएको कर्मचारीलाई पदस्थापन गरिनेछ ।

**७. बढुवा भएका कर्मचारीको सेवा सुविधाः** यस ऐन वमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारी हरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके वमोजिम हुनेछ ।

**८. जेष्ठताको गणनाः** यस ऐन वमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता बढुवा भएको मिति देखि गणना गरिनेछ ।

**९. आवश्यक व्यवस्था मिलाउनेः** यस ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यस ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

बढुवा पत्र

पत्र संख्याः
चलानी नं.

मिति २०७८

विषयः  बढुवा गरिएको सम्बन्धमा ।

खैरहनी नगरपालिकाका कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८ बमोजिम आजैका मितिदेखि लागु हुने गरी तपाईलाई देहायबमोजिमको पद तथा तहको  दरबन्दीमा रहने गरी बढुवा गरिएको छ ।

"बढुवा हुनु भएकोमा बधाई छ ।"

<u>तपसिल</u>

| हाल कार्यरत पदको विवरण | बढुवा पदस्थापन गरिएको विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समूहः<br>उप समूहः-<br>नियूक्ति मितिः | पदः<br>तहः<br>सेवाः<br>समूहः<br>नियूक्ति मितिः<br>उप समूहः- |

आज्ञाले

(.......................)
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरवार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, वागमती प्रदेश, हेटौडा ।
श्री कर्मचारी संचय कोष, त्रिदेवीमार्ग ठमेल।
श्री आर्थिक प्रशासन शाखा, खैरहनी नगरपालिका ।

खैरहनी नगरपालिकाको स्थानीय राजपत्र